म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २४० २०८० साउन १० गते बुधबार 26 July 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.

९८५१३३२३८०, ९८०११८६७०९

## मकवानपुरको प्रहरी प्रमुखको जिम्मेवारी रिजाललाई

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको प्रहरी प्रमुखको जिम्मेवारी प्रहरी उपरीक्षक सीताराम रिजालले सम्हाल्नुहुने भएको छ । प्रहरी प्रधान कार्यालयले रिजाललाई मकवानपुरको प्रहरी प्रमुखका लागि काज सरुवा गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका कार्यवाहक प्रमुख प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

रिजालले मकवानपुरमा उपस्थित भएर केही दिनैमा जिम्मेवारी सम्हाल्ने कार्यवाहक प्रमुख कार्कीले बताउनुभयो । प्रहरी उपरीक्षक रिजालले जिल्ला प्रहरी परिसर काठमाडौंमा प्रवक्ताको जिम्मेवारी सम्हाल्दै आउनुभएको थियो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर सोमबारबाट प्रमुखविहीन छ । यसअघिका प्रहरी प्रमुख प्रहरी उपरीक्षक वामदेव गौतमले उमेर हदका कारण अवकाश पाएसँगै सोमबार विदाई गरिएको थियो ।

# प्रदेश विश्वविद्यालय निर्माण गर्न समितिको प्रस्ताव

*सरकारले युवालाई स्किलिङ ट्रेनिङ्को लागि १५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । यस्तै, गृहिणी महिला कार्यक्रमअन्तर्गत् ५ करोड, सिमान्तकृत जातिलाई सशक्तिकरण गर्न, गरिबी निवारणअन्तर्गत् चिउरी, चमेरो र चेपाङ संरक्षण योजना रहेको मन्त्री मोक्तानले बताउनुभयो ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा प्रदेश विश्वविद्यालय निर्माण गर्न प्रदेश सरकारलाई समितिले प्रस्ताव गरेको छ । आइतबार बसेको समितिको बैठकले प्रदेश सरकारलाई प्रस्ताव गरेको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले जानाकारी दिनुभयो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको संयोजनमा प्रदेश उच्च शिक्षा परिषद् समिति गठन भएको थियो । प्रदेश विश्वविद्यालय स्थापनाका लागि प्रदेश योजना आयोगको उपाध्यक्षको संयोजकमा ५ सदस्यीय विषयगत समिति गठन भएको छ । समितिमा विषय विज्ञहरु रहेका छन् ।

यसअघि प्रदेश सरकारले प्रदेश उच्च शिक्षा परिषद्को सचिवालय स्थापना गरिसकेको छ । प्रदेश सरकारले प्रदेश उच्च शिक्षा ऐन प्रमाणीकरण २०७८ चैत १४ मा गरिसकेको छ ।

प्रदेशमा प्राविधिक क्षेत्रको दक्ष जनशक्ति उत्पादनमा जोड दिन विश्वविद्यालय स्थापना गर्न लागिएको मन्त्री मोक्तानको भनाइ छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि युवा, गृहिणी महिला, सिमान्तकृत, दलितको लागि नयाँ योजना ल्याएको छ । सरकारले युवालाई स्किलिङ ट्रेनिङको लागि १५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । यस्तै, गृहिणी महिला कार्यक्रमअन्तर्गत् ५ करोड, सिमान्तकृत जातिलाई सशक्तिकरण गर्न, गरिबी निवारणअन्तर्गत् चिउरी, चमेरो र चेपाङ संरक्षण योजना रहेको मन्त्री मोक्तानले बताउनुभयो । यस्तै, प्रदेश सरकारले यसवर्ष विपन्न दलित कार्यक्रमका ५० लाख बजेट विनियोजन गरेको छ ।

## हेटौंडाका ३१ वटा विद्यालयमा प्रथम त्रैमासिक परीक्षा सुरु



*हेटौँडा-१० स्थित ज्ञानदा माविमा परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः हेटौँडा उपमहानगरभित्र रहेका ३१ वटा सामुदायिक विद्यालयमा मंगलबारदेखि एकसाथ प्रथम त्रैमासिक परीक्षा सुरु भएको छ । ४ कक्षादेखि १० कक्षासम्मका विद्यार्थी परीक्षामा सहभागी छन् । नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौँडाले परीक्षाको व्यवस्थापनमा सहजीकरण गरेको छ । परीक्षामा ५ हजार विद्यार्थी सहभागी छन् ।

दुई सिफ्टमा परीक्षा संचालन भइरहेको र पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौँडाका अध्यक्ष सागर प्रसाद खतिवडाले जानकारी दिनुभयो । यस्तै दोस्रो दिन बुधबार अनिवार्य नेपाली विषयको परीक्षा हुनेछ । प्रथम त्रैमासिक परीक्षा सकिएपछि साउन १७ गतेदेखि भदौ १ गतेसम्म विद्यालयले वर्षे बिदा दिनेछ । वर्षे बिदा कटौती हुने गरी गर्मी बिदा विद्यालयले दिएको थियो । गर्मी बिदा कटौती हुने गरी पठपाठन संचालन गरिएर मात्र परीक्षा संचालन गरिएको खतिवडाको भनाई छ ।

यसअघि गत साउन २ गतेदेखि केहीँ विद्यालयले भने हेटौँडा उपमहानगर पालिकाको क्यालेन्डरअनुसार प्रथम त्रैमासिक परीक्षाको सुरु गरिसकेको छ । ती विद्यालयहरुमा भने बुधबार नै परीक्षा सकिनेछ । ७३ वटा विद्यालयमध्ये ४२ वटा विद्यालयले छिट्टै वर्षे बिदा दिएर छिट्टै विद्यालय खुला गरिने गरी यसअघि परीक्षा सुरु गरिएको उहाँको भनाई छ । स्थानीय तहको शिक्षा शाखाले भने त्रैमासिक परीक्षाको सञ्चालन, व्यवस्थापन र मूल्यांकनमा ध्यान दिन सकेको छैन ।

## बाघको आक्रमणबाट एकजनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२८ कोटेनीमा बाघको आक्रमणबाट एकजनाको मृत्यु भएको छ । मृत्यु हुने २६ वर्षीय आश बहादुर बोटे रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बोटे सोमबार दिउँसो ३ बजेर २० मिनेटको समयमा माछा मार्न गएको बेला चितवन राष्ट्रिय निकुञ्जभित्र बाघको आक्रमणमा परेका थिए । बाघको आक्रमणमा परेका बोटेको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# मकवानपुरका बिक्रम रग्बीको राष्ट्रिय टिममा

समाज संवाददाता

हेटौंडाः रग्बी खेलको राष्ट्रिय टिममा मकवानपुरका विक्रम भारती चयन हुनुभएको छ । पोखरामा जारी बन्दप्रशिक्षणमा सहभागी भारती १२ सदस्यीय राष्ट्रिय टिममा छानिनु भएको हो । बन्द प्रशिक्षणमा रहेका २४ जनामध्ये भारतीसहित १२ जना चयन गरिएको राष्ट्रिय खेलकुद परिषदले जनाएको छ ।

आगामी सेप्टेम्बरमा चीनमा हुने १९ औं एसियाली खेलकुदमा सहभागी हुने नेपाली राष्ट्रिय टोलीले तयारीस्वरुप थाइल्याण्ड र मलेसिया जाने बताइएको छ । रग्वीको राष्ट्रिय टोलीले अहिले पोखरा रंगशालामा प्रशिक्षण गरिरहेको छ । दुई वर्षदेखि मकवानपुरका विक्रम भारतीय नियमितरुपमा राष्ट्रिष टिममा सहभागी हुनुहुन्छ । २४ सदस्यीय प्रारम्भिक टोलीलाई राष्ट्रिय खेलकुद परिषद्ले एक महिनादेखि पोखरामा बन्दप्रशिक्षणमा राखेको छ ।

मकवानपुरका बिक्रम भारती यसअघि राष्ट्रिय टिममा सहभागी हुँदै बंगलादेश र भारतमा भएको प्रतियोगितामा सहभागी भइसक्नु भएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

**Join IT Career in HCC**

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौँडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त )** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch** ) लागि प्रवेश **परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class** ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौँडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435







Imagine turning your passion into a fruitful and rewarding career.

Study +2
**BEAUTICIAN & HAIRDRESSING**
(Under Faculty of Management)

CLASS STARTS FROM 15th SHRAWAN

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
For inquiry: 9855074222
ENROLL NOW

Hetauda-4, Makawanpur   info@hsm.edu.np   www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

# सम्पादकीय

## गाँजा र अफिम खेतीको विकल्प

मकवानपुर जिल्ला धेरै पहिलादेखि लागूऔषध गाँजा तथा अफिम खेतीको लागि चर्चित रहेको छ । मकवानपुर जिल्लाका पूर्वी, पश्चिमी र उत्तरी सबै क्षेत्रमा गाँजा तथा अफिमको खेती हुने गरेको छ । माओवादी जनयुद्धको समयमा व्यापक बनेको यसको खेती त्यसपछि केही वर्ष कम भए पनि पछिल्लो समय फेरि बढ्दै गएको छ । प्रहरी प्रशासनको कडाई र गाँजा खेतीको विकल्पको रुपमा तरकारी खेतीको प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी निकायले विभिन्न कार्यक्रम गरेपछि गाँजा तथा अफिम खेती गर्ने परिपाटीमा केही कमी आएको थियो । प्रहरी प्रशासनले अभियान नै चलाएर हरेक वर्ष गाँजा तथा अफिम खेती नष्ट गर्दै आएको छ । यति हुँदा पनि गाँजा तथा अफिम खेती बढ्दै जानुले राम्रो संकेत गर्दैन । विश्वका कतिपय देशले गाँजा खेतीलाई वैधानिकता दिएको सन्दर्भमा नेपालमा पनि गाँजा खेतीलाई वैधानिक बनाउनुपर्ने आवाज उठिरहेको छ । अझै पनि विश्वका धेरै देशमा गाँजा तथा अफिम खेती गर्न, उत्पादन, बिक्री वितरण, ओसारपसा र सेवन गर्न बन्देज लगाइएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/०८० मा २ सय २३ विगाह ११ कठ्ठा क्षेत्रफलमा लगाएको अफिम खेती प्रहरीले फडानी गरेर नष्ट गरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा १ सय ४४ विगाह १४ कठ्ठामा लगाएको अफिम खेती नष्ट गरेको थियो भने आर्थिक वर्ष २०७७/०७८ मा ४१ विगाह ११ कठ्ठा क्षेत्रफलमा लगाएको अफिम खेती नष्ट गरेको प्रहरीको तथ्यांक छ । यस्तै, मकवानपुरमा गत आर्थिक वर्ष २०७९/०८० मा १ सय ५० विगाह १० कठ्ठा क्षेत्रफलमा लगाएको गाँजा खेती प्रहरीले फडानी गरेर नष्ट गरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा १ सय ४४ विगाह १ कठ्ठा १६ धुरमा लगाएको गाँजा खेती नष्ट गरिएको थियो । यो तथ्यांकले पछिल्ला वर्षहरुमा जिल्लामा अफिम र गाँजा खेती बढेको अनुमान गर्न सकिन्छ । गत आर्थिक वर्षमा मकवानपुर प्रहरीले ६ टनभन्दा बढी लागूऔषध गाँजा बरामद गरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा २ हजार ६ सय केजी गाँजा बरामद गरेकोमा प्रहरीले गत आर्थिक वर्ष त्यसको ३ गुणा बढी गाँजा बरामद गरेको हो । गत आर्थिक वर्षमा मकवानपुर प्रहरीले २१ केजी चरेस र १४ केजी अफिमसहित धेरै प्रकारका लागूऔषध बरामद गरेको छ । लागूऔषधसँगै प्रहरीले २ सय ४५ जनालाई पक्राउ गरेर मुद्दा चलाएको छ ।

नेपालको पहाड र तराई सबैतिर गाँजा तथा अफिम खेती हुने गरेको छ । प्रहरी प्रशासनले फडानी गर्दै आए पनि गाँजा तथा अफिम खेती अन्त्य भएको छैन । गाँजा र अफिम खेतीका लागि बिचौलियाहरुले सहयोग र प्रोत्साहन गर्ने गरेका कारण किसानहरु यसको खेतीमा अग्रसर हुने गरेका छन् । बिचौलियामार्फत् भारतीयहरुको लगानी र प्राविधिक सहयोग प्राप्त हुँदा गाँजा तथा अफिम खेतीले प्रोत्साहन पाइरहेको छ । कसैले प्रोत्साहन गर्दैमा वा धेरै फाइदा हुन्छ भन्दैमा गैरकानुनी काम गर्नु हुँदैन । नेपालमा गाँजा, अफिमलगायत लागूऔषध ओसारपसार, बिक्री तथा सेवन गर्नेहरुलाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाएजस्तै गाँजा खेती गर्ने जग्गाधनीलाई पनि मुद्दा चलाउने गरेमा गाँजा खेतीलाई न्यूनीकरण गर्न सकिन्छ । फडानीमात्र गरेर खेती गर्नेलाई कानुनी दायरामा नल्याउने हो भने यसको अन्त्य सम्भव छैन ।

केही दिनअघि मकवानपुरको राक्सिराङ गाउँपालिकामा गाँजा खेतीको विकल्पको रुपमा कफीको विरुवा रापिएको छ । प्रहरीकै सहभागितामा करिब ४ हजार कफीका बिरुवा रोप्नुका साथै १५ हजार कफीका बिरुवा गाउँपालिका अध्यक्षलाई हस्तास्तरण गरिएको थियो । किसानलाई गाँजा खेतीको विकल्प दिँदा तत्काल गाँजा खेती न्यूनीकरणमा केही सहयोग पुग्ने भए पनि वैकल्पिक खेतीबाट किसानले सोचेजस्तो आम्दानी गर्न सकेनन् भने फेरि गाँजा तथा अफिम खेतीतर्फ किसान नफर्कलान् भन्न सकिन्न । गाँजा र अफिम खेती नष्ट गर्नुका साथै यसको उपयुक्त विकल्प दिएर खेती गर्नेलाई कानुनी दायरामा ल्याउन सकेमा गाँजा तथा अफिम खेती धेरै कम हुने विश्वास गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : बोलीको प्रभावले आँटेका कामहरु पूरा होलान् । |
| **वृष** | : राजनीति र समाज सेवामा मन जाने समय छ । |
| **मिथुन** | : स्वास्थ्य समस्या बढ्ने समय योग छ । |
| **कर्कट** | : प्रेम प्रसंगमा मन रमाउने समय योग छ । |
| **सिंह** | : जागिरमा बढुवाको योग रहेको समय छ । |
| **कन्या** | : सरसंगत गर्दा विचारणीय रहेको देखिन्छ । |
| **तुला** | : चोटपटकको भयबाट विशेष बच्नु पर्ला । |
| **वृश्चिक** | : राम रमाइलोमा समय व्यतित होला । |
| **धनु** | : अध्ययन–अध्यापनका क्षेत्रहरु सफल । |
| **मकर** | : व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । |
| **कुम्भ** | : पढाइ–लेखाइका काममा पछाडि परिने समय छ । |
| **मीन** | : पराक्रम र साहसमा वृद्धि हुने समय योग रहेको देखिन्छ । |

# उच्च शिक्षामा विद्यार्थीका समस्या र स्थानीय सरकार



✍अभि मैनाली

नेपालको संविधान २०७२ को भाग ३-मौलिक हक र कर्तव्यको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । माध्यमिक तहसम्म अनिवार्य र निशुल्क नै छ । त्यसमा अझै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क शिक्षा पाउने हक छ । तर सबै हक कागजी दस्तावेजमा मात्रै सीमित बनेको छ । नागरिकको आधार भूत हक व्यवहारमा लागु हुन सकेको छैन । लाखौं विद्यार्थी वर्तमान विश्वअनुकुलको आधारभूत र उच्च शिक्षा पाउनबाट बञ्चित छन् ।

राज्यबाट पाउने छात्रवृत्तिमा पनि पहुँचवालाको नै हालिमुहाली छ । उनिहरुसँग अथाह सम्पत्ति हुँदा पनि आफ्नो सम्पत्तिको दुरुपयोग गर्दै आफु र आफ्नो आसेपासेले मात्र त्यसको उपभोग गरिरहेका छन् । झनै स्थानीय सरकारले बाँड्ने छात्रवृत्तिमा यो भन्दा धेरै बेथिति छ। एउटै व्यक्तिले धेरै ठाउँबाट छात्रवृत्ति लिएर उसलाई बढी भइरहेको छ भने अर्को विद्यार्थी आर्थिक अवस्थाको कारणले पढाई छाड्न बाध्य छन् । देशमा रहेका विद्यार्थी संगठनहरुले यो कानूनमा लेखेको कुरा मात्र लागु गराउन सके भने सायद धेरै विपन्न परिवारका विद्यार्थीले पढ्न पाउँथे ।

उच्च शिक्षाका केहि समस्याहरुः

१) बाहिरी जिल्ला र हेटौँडा बजार भन्दा बाहिरका विद्यार्थीलाई क्याम्पसको एक महिनाको शुल्क रु १००० तिर्न भन्दा पनि कोठामा बसेर पढ्न लाग्ने खर्च व्यवस्थापन गर्न गाह्रो छ ।

२) मकवानपुर जिल्लाकै हेटौँडा उपमहानगरका ग्रामीण क्षेत्र, मनहरी, मकवानपुरगढी गाउँपालिकाबाट उच्च शिक्षा अध्ययनका लागि हेटौँडा बजार आउन बाध्य विद्यार्थीलाई मासिक शुल्क भन्दा आवतजावतका लागि समयमा गाडि नपाउने र भाडा नै महंगो पर्न जान्छ ।

३) कति पढेपछि रोजगार पाइन्छ ? यहाँ रोजगारीको अवसर छैन र श्रमको उचित मूल्यांकन छैन । मासिक चार हजार, आठ हजारमा रोजगारी गरेर बसिर हन विद्यार्थी बाध्य छन् । यसले विद्यार्थीको उच्च शिक्षालाई प्रभावित गरिरहेको छ ।

**मेरा सुझावहरुः**

गाउँगाउँमा सिंहदरबार भनेर स्थानीय तह आयो तर सिंहदरबार चाहिँ सहरमै अड्कियो । गाउँमै हरेक स्थानीय पालिकामा उच्च शिक्षाको व्यवस्था भएको भए धेरै विद्यार्थी पढाइबाट बञ्चित हुनु पर्ने थिएन ।

एक स्थानीय तह अर्को स्थानीय तहसँग मिलेर न्यून शुल्क वा निशुल्क छात्रावासको व्यवस्थापन गरेमा पनि धेरै विद्यार्थीका समस्या समाधान हुने थियो ।

स्थानीय सरकारले उच्च शिक्षा अध्ययन गर्ने आफ्नो पालिकाका विद्यार्थीलाई हेटौँडा बजारसम्म आउनेजाने विद्यार्थीका लागि गाडि सञ्चालनमा ल्याउन सके धेरै समस्याहरु समाधान हुने देखिन्छ ।

मकवानपुरका १० वटै स्थानीय तहले राम्रो शिक्षा नीति ल्याउन सकेको छैन । मकवानपुरका ग्रामीण क्षेत्रका विद्यार्थीलाई नै अध्यापन गरेर हेटौँडा बजारका निजी क्याम्पसहरु चलिरहेका छन्, फस्टाइरहेका छन् तर मकवानपुरका ग्रामीण क्षेत्रमा सञ्चालित कतिपय सामुदायिक क्याम्पसहरु बन्द हुने अवस्था छ । सामुदायिक क्याम्पसले पारिश्रमिक पाउने अवस्था छैन । हेटौँडाका सामुदायिक क्याम्पसहरु विद्यार्थीलाई जिम्मेवार बनाउन प्रेरित देखिँदैन । कतिपय सन्दर्भमा विद्यार्थी पनि जिम्मेवार हुन नसकेको देखिन्छ । मासिक शूल्क तिर्ने विषयमा विद्यार्थीले समयमै ध्यान दिइरहेको हुन्न । एकैपटक परीक्षा फारम भर्ने समय आउँछ क्याम्पसले ठिक त्यहि बेला सबै शुल्क तिर्नु पर्छ भन्ने बित्तिकै विद्यार्थी ठूलो रकम तिर्न नसक्ने हुन्छ ।

क्याम्पस प्रशासनले मासिक शूल्क मासिक रुपमै भुक्तानी गर्न विद्यार्थी र अभिभावकलाई झक्झक्याउने तर्फ ध्यान दिन सकेको छैन । अभिभावक र विद्यार्थी आफैँ पनि मासिक शूल्क भुक्तानी गर्नतर्फ सचेत नहुँदा परीक्षा फारम भर्ने बेलामा, परीक्षाका लागि प्रवेशपत्र लिने बेलामा भनसुन र विद्यार्थी संगठनको साथ र सहयोगको खोजी गर्दै गर्दा परीक्षाको बेला पठपाठन प्रभावित भइरहेको छ । विद्यार्थी संगठनहरु पनि विद्यार्थीलाई आफ्नो संगठनप्रति आकर्षित गर्न शूल्क नै नतिरी फारम भराउन प्रत्यत्नशील हुन्छन् । कसले धेरै फर्म बुझाउने भनेर विद्यार्थी संगठनबीच होडबाजी नै चल्ने गरेको छ । संगठनको सिफारिसमा विपन्न विद्यार्थी भन्दा सम्पन्न परिवारका विद्यार्थी नै बढी लाभान्वित भइरहनु अर्को विडम्बनापूर्ण अवस्था छ ।

म निविद्यार्थी राजनीति गर्दै आफु हेटौँडा क्याम्पसको स्ववियू अध्यक्षमा निर्वाचित भएको हुँ । यहाँबाट विद्यार्थीका साझा समस्या र आवाजहरु लिई निरन्तर समाधानको प्रक्रियामा लागिरहेको छु । गरिब, जेहेन्दार, मिहिनेती, राष्ट्रिय खेलाडी विद्यार्थीलाई छात्रवृत्तिका साथै पढ्दै कमाउँदै योजना अन्तर्गत विभिन्न संघ, संस्थाहरुसँग समन्वय चलिरहेको क्याम्पसका आन्तरिक र बाह्य समस्या समाधानको पहल गर्दै बेथिति र विसंगतिको आवाज उठाइरहेका छौं । अबको विद्यार्थी रचनात्मक, अध्ययनशील, वातावरणमैत्री हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आएका छौं ।

अहिले कक्षा ११ को भर्ना चलिरहेको बेला कति विद्यार्थी पढाइ छाडी खाडि जान वा अन्य कुनै पेसामा जोडिएर पढाई छाड्न सोचिरहेका होलान् र प्रायः क्याम्पसहरुले ए प्लस र ए ल्याउने विद्यार्थीलाई मात्र छात्रवृत्ति प्रदान गर्छ । सामान्य ग्रेड ल्याएर उत्तीर्ण हुनेलाई केहि हुन्न । यदि कुनै विद्यार्थीले साँच्चै आर्थिक अवस्थाकै कारणले पढाइ छाड्न बाध्य छन् भने त्यस विद्यार्थीलाई क्याम्पस र अन्य संघ, संस्थाको सहयोगी मनहरुको समन्वय र सहयोगमा पढाउने प्रतिबद्धता स्ववियु हेटौँडा क्याम्पसले गर्दछ ।

अन्तिममा स्थानीय सरकारलाई एउटा अनुरोध गर्दछु । शिक्षा सम्बन्धी अनावश्यक गोष्ठी, भ्रमणका पैसाहरु र अन्य छात्रवृत्तिहरु सही विद्यार्थी, साँच्चै गरिब, जेहेन्दार र आर्थिक अवस्था कमजोर भएका विद्यार्थीले प्राप्त हुने अवस्था रहोस् ।

(मैनाली हेटौँडा क्याम्पसको स्ववियु अध्यक्ष हुनुहुन्छ ।)

# फरारी बेचे पुस्तकको नालीबेली



✍सरोज पुडासैनी

एउटा भिक्षु जसले आफ्नो फरारी बेचे नामक पुस्तकका लेखक रविन शर्मा हुन् । यस पुस्तकमा अमेरिकाको कानुनविद् जुलियन मेन्टलको जीवनको कथालाई देखाइएको छ ।

कथा यसरी सुरु हुन्छ,

ऊ धेरै धनी थियो । बस्नका लागि ठूलो घर, व्यक्तिगत हवाई जहाज, फरारी कार थियो तर पन ऊ खुसी थिएन । दिनमा ऊ १८ घण्टा काम गर्थे त्यसैले ५० वर्षको उमेरमा ऊ ७० वर्षको जस्तो देखिन थाले । एकदिन उसको श्रीमतीले धेरै व्यस्त जीवनको कारण सम्बन्धविच्छेद गरे । एकदिन अदालतमा हृदयघातका कारणले काम गर्दा गर्दै ऊ लड्यो । उसलाई आइसियूमा राखियो र समयमै उपचार भएकाले ऊ बाँच्न सफल भयो तर डाक्टरले उसलाई जीवन तनावपूर्ण काममा एक छान्नका लागि सुझाव दिए । उसले जीवनमा धेरैको मुद्दा लडे र जीत दिलाउन सफल भए तर जब आफ्नो जीवनको मुद्दा आयो उसले हारे । विस्तारै उसलाई गल्तीको महसुस भयो, एक विहान उसले ठूलो निर्णय लियो ।

उसले आफ्नो ठूलो घर, प्राइभेट जेट व्यक्तिगत हवाई र रातो फरारी कार बेचिदिए । सबै भौतिक सम्पत्ति बेचेपछि आफ्नो जीवनको उद्देश्य खोज्न र शिभाना भन्ने गाउँमा पुगे । त्यस गाउँ उच्च हिमाली भागमा पर्थ्यो । शिभानामा एकदम शान्त वातावरण जहाँ धुलो धुवाँरहित हरि याली वातावरण थियो । त्यहाँ उसको भेट योगी रमणसँग हुन्छ । योगी रमणको उमेर १०० वर्षको हुन्छ तर उसलाई एक युवा जस्तो देखिन्थ्यो । लाग्थ्यो कि ऊसँग जादु थियो । जुलियन मेन्टलको सम्पूर्ण र जीवनको उद्देश्यको ज्ञान लिन मन गरेको भएर उहाँले ७ वटा जीवनको सिद्धान्तको बारेमा भन्नुभयो ।

योगी रमणले उसलाई ७ सिद्धान्त एउटा कथाको माध्यमबाट भन्न सुरु गर्नुभयो । जुलियन एकछिन सोच तिमी समुन्द्रको नजिक एउटा बगैंचामा छौँ । बगैंचा एकदम सुन्दर छ । तिमीले एउटा लाइट हाउस देख्यो । अचानक त्यो लाइट हाउसबाट एउटा मोटो डोरीले बाँधिएको लङ्गोर लगाएको छ । सुमो रेष्टरले एउटा घडी भेट्छ जुन धेरै वर्ष अगाडि कसैले हराएको हुन सक्छ । जब सुमो रेष्टरले घडी उठाउन खोज्छ, ऊ लड्छ र बेहोस हुन्छ । केही समयपछि बगैंचाको फूलको बास्नाले ऊ उठ्छ । आफ्नो वरिपरि हेर्छ र झाडीमा सानो सानो हीराको टुक्रा देख्छ र बाटो देख्छ । ऊ गायब हुन्छ । यो कथा सुन्दा जुलियनले केही बुझ्दैन र कस्तो मजाक गर्नुभएको भन्छ । यो कथामा केही कुरा बुझेन भन्छ (योगी रमणले) यदि सुमो रेष्टरको कथालाई जीवनमा आवश्यक सिद्धान्तका बारेमा बुझाउन खोज्छ । यो कथाले जीवनको सबे प्रश्नको उत्तर दिन्छ भनेर सम्झाउँछ । अब योगीले जुलियनलाई ७ ओटा सिद्धान्तको बारेमा बताउन सुरु गर्छ ।

१) सकारात्मक सोचः कथामा भनिएको सफा बगैँचाले तपाईंको दिमागलाई दर्शाउँछ । यसरी सुमो रेष्टरले बगैँचाको फुलको सुगन्धले उठ्छ, त्यसरी नै तपाईंको सकारात्मक सोच, विचारले तपाईंको भविष्य उज्ज्वल बनाउँछ । गलत सोच, विचार र कार्यले हामीलाई सुकर्म हैन, कुकर्मतिर धकेल्छ । त्यसैले सकारात्मक सोच र राम्रो विचार राख्नुपर्छ र हाम्रो दिमागलाई एउटा सुन्दर बगैँचा जस्तो बनाउनुपर्छ ।

२) जीवनको उद्देश्यः जसरी अँध्यारोमा लाइटहाउस बिना समुन्द्रको जहाज दुर्घटना हुन सक्छ भनेझैँ हाम्रो जीवनमा उद्देश्य हुन जरुरी छ । हाम्रो जीवनमा दुई दिन महत्वपूर्ण हुन्छ । एउटा जन्मिएको दिन र अर्को दिन जन्मिएको, के कार्यको/उद्देश्यका लागि जन्मिएको भनेर आफैँलाई प्रश्न सोधेको दिन । जीवनमा उद्देश्य बोकेर अगाडि बढ्नुपर्छ र लक्ष्य प्राप्तिका लागि सङ्घर्ष गर्नुपर्छ ।

३) काइजन सुधारः सानो-सानो कुरामा सकारात्मक परिवर्तन जसरी कथामा सुमो रेष्टरले आफ्नो तौल सन्तुलन राख्न नियमित कसरत र खानेकुराहरुमा विशेष ध्यान दिनुपर्छ त्यसैगरी हामीले पनि सानो सानो कुरामा सकारात्मक परि वर्तन ल्याउनुपर्छ । गाडीमा पेट्रोल सकिन लागेको अवस्थामा पनि हामीसँग पेट्रोल हाल्ने समय हुँदैन । यो गलत हो । हामी सानो कुरा सम्झिएर सानो सानो कार्यबाट टाढा भाग्छौं । जसले हामीलाई जीवनको सफलताबाट टाढा धकेल्छ । आफ्नो समय निकालेर भौतिक र मानसिक अवस्थामा सुधार ल्याउनुपर्छ र किताब पढ्ने बानीको विकास गर्नुपर्छ ।

४) आत्म नियन्त्रण अनुशासनः योगी रमण फेरि भन्न सुरु गर्नुहुन्छ जसरी सुमो रेस्टरले लगाएको लैगोट एउटा डोरीमा सुकाएको हुन्छ, त्यो डोरी सानो सानो धागोले बनेको हुन्छ र डोरी बलियो बन्न पुगछ । यसैगरी कुनै कार्य गर्दा आफुलाई नियन्त्रण र अनुशासित भई गरेमा कार्य सफल हुन्छ । बिहान चाँडो उठ्ने, प्राकृतिक खानेकुरा खाने र सधैँ लिफ्ट नचढी भऱ्याङ्बाट पनि हिँड्न सकिन्छ । यो सानो कुराले के हुन्छ भनेर हामीले सोचन सक्छौँ तर यो सानो कुरा अनुशासनले लामो समयसम्म जीवनलाई सुधार्छ । हामीले बुझ्नुपर्छ अनुशासन एउटा डोरी हो जसले साहसको सानो सानो धागाले बनेको हुन्छ ।

५) समयको महत्व/वर्तमानमा गरिने कामः यो प्रसङ्ग सुनको घडीमा जोडिएको छ । दुबइमा बस्ने, नेपालमा बस्ने र अमेरिकामा बस्ने सबै मानिससँग दिनमा २४ घण्टा नै हुन्छ । यदि तपाईले तपाईसँग धेरै समय छ भनेर सोच्नु भयो भने एकदिन तपाईसँग भएको क्षमता गर्न सक्ने उर्जा सकिन्छ । त्यसैले तपाईसँग मात्र आजको समय यसरी आजको दिनमा बाँच्न सिक्नुपर्छ । कामलाई छोड्दै जानु हुँदैन । आफ्नो प्राथमिकतालाई जोड दिनुहोस् र काम गर्दै जानुहोस् ।

६) दयाको भाव/मद्दतः चीनमा एउटा भनाई छ "जसले अरुलाई फुल दिन्छ, उसको हातमा फूलको सुगन्ध बास्ना रहिरहन्छ ।" तपाईले जति पैसा कमाउनु भएपनि अरुलाई मद्दत गर्नु भएन भने तपाई सधैँ दुखी रहनुहुन्छ । त्यसैले सधैँ मानवताको भावना बोकेर अरुलाई मद्दत गर्नुपर्छ अनि मात्र हामी भित्रैबाट खुसी हुन्छौँ । कुनै फाइदाको बारेमा नसोची हामीले अरुलाई मद्दत गर्नुपर्छ ।

७) वर्तमान खुसी हुनुहोस्ः योगी रमण अन्त्यमा भन्नुहुन्छ । जुलियन

...बाँकी पृष्ठ ३ मा

# नरबहादुर कर्माचार्य त्यागी नेताः कुमारी मोक्तान

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्रकी केन्द्रीय पोलिटब्युरो सदस्य एवम् बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले नरबहादुर कर्माचार्य त्यागी नेता भएको बताउनुभएको छ । नेकपाका संस्थापक एवम् माओवादी केन्द्रका संस्थापक सदस्य नरबहादुर कर्माचार्यको १० औं स्मृति दिवसको अवसरमा हेटौंडामा आयोजिक कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

कर्माचार्य सधैं एकता, सही विचारको पक्षमा र कम्युनिष्ट आन्दोलनमा त्यागी भएर लागेको नेता भएको उहाँले स्मरण गर्नुभयो । कर्माचार्यजस्तो त्यागी नेताहरुको संघर्षका कारण मुलुकमा गणतन्त्र आएको र अहिले मुलुकको अवस्था परिवर्तन हुँदै गएको बताउनुभयो। उहाँले कर्माचार्यहरु जस्तै नेताको विचार र सिद्धान्तमा चलेको माओवादी केन्द्र अहिले तेस्रो पार्टी भए पनि जनताको मन जित्ने गरी काम गर्न सफल भएको बताउनुभयो । अहिले कम्युनिष्ट विचारमा चलेको माओवादीका सरकारले भ्रष्टाचारको विरुद्धमा चालेको कदम प्रसंशनीय रहेको उहाँले बताउनुभयो ।

पार्टीका बागमती प्रदेश उपाध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले नेता कर्माचार्यहरुले नेकपा स्थापना गर्नु सुखद् भएको बताउनुभयो । उहाँले कर्माचार्यजस्तो नेता अहिलेको पुस्तामा कमै पाउने बताउनुभयो। उहाँले कम्युनिष्ट भनिनेहरु केही स्वार्थमा लागेका कारण अहिले पार्टीमा यस्तो हालत आएको बताउनुभयो । उहाँले पार्टी र संगठनभित्र एकता हुनुपर्ने बताउनुभयो। सबै नेतृत्वले आ–आफ्नो तहबाट काम गर ेर जानुपर्ने उहाँको भनाइ छ ।

पार्टीका मकवानपुर जिल्ला समन्वय संयोजक सर्केश घलानले कर्माचार्यजस्ता नेताको विचारलाई भोलिको पुस्तासम्म पुऱ्याउनुपर्ने बताउनुभयो । नेता कर्माचार्यको त्यागका कारण मुलुकमा गणतन्त्र स्थापित हुन सकेको उहाँको भनाइ छ । उहाँले यो व्यवस्थालाई रक्षा गर्नुपर्ने बताउनुभयो ।

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान मकवानपुरका अध्यक्ष प्रकाश पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रका प्रदेश सदस्य एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, प्रदेश सदस्य एवम् मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगर, बागमती गाउँपालिका इन्चार्ज ज्ञानसागर लामा, हेटौंडा नगर कमिटीका अध्यक्ष तीर्थ थापालगायतको उपस्थिति रहेको थियो ।

# डीएसपी ठगबहादुर बर्खास्त

काठमाडौंः इलाका प्रहरी कार्यालय बुटवलका निलम्बित प्रहरी नायव उपरीक्षक (डीएसपी) ठगबहादुर केसी बर्खास्त भएका छन् । प्रहरी प्रधान कार्यालयको सिफारिसमा केसीलाई गृहमन्त्रीस्तरीय निर्णयबाट मंगलबार बर्खास्त गरिएको हो । प्रहरी प्रधान कार्यालयको आन्तरिक छानबिनबाट गम्भीर आचरण उल्लंघन गरेर प्रहरी ऐनविपरीत कार्य गरेको देखिएको भन्दै जागिरबाट हटाउन सोमबार गृह मन्त्रालयसमक्ष सिफारिस गरिएको हो ।

केसीले बुटवलका सुन व्यवसायीबाट ३५ तोला सुन फिर्ता गर्ने सर्तमा ८ लाख ५० हजार रुपैयाँ घुस लिएको र सुनसमेत फिर्ता नगरेको प्रहरी प्रधान कार्यालयको छानबिन टोलीले ठहर गरेको थियो । उनको छानबिनका लागि प्रहरी वरिष्ठ उपरीक्षक चन्द्रकुवेर खापुङको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन गरिएको थियो । केसीलाई गत पुस ११ गते इलाका प्रहरी कार्यालय बुटवलको निवासबाट सुन, ९ लाख ५० हजार रुपैयाँको चेक र ८ लाख ५० हजार रुपैयाँ नगदसहित सीआईबीको टोलीले पक्राउ गरेको थियो । स्रोतः इकान्तिपुर ।

# सहकारी अस्पतालमा पर्याप्त जनशक्ति

समाज संवाददाता

हेटौंडाः हेटौंडाको मकवानपुर सहकारी अस्पतालमा पर्याप्त जनशक्ति रहेको छ । अस्पतालमा बिरामीको संख्या बढ्दै गए पनि अस्पतालमा भएको जनशक्तिले पुगिरहेको अस्पतालका व्यवस्थापक रामचन्द्र रेग्मीले जानकारी दिनुभयो ।

असार महिनामा अस्पतालको ओपीडीबाट करिब २ हजार ५ सय बिरामीले स्वास्थ्य उपचार सेवा लिएका छन् । अस्पतालमा सबैभन्दा बढी बिरामी बालरोगसम्बन्धी स्वास्थ्य जाँच गराउनेहरु रहेका छन् । बालरोग जाँच गर्ने बिरामीको संख्या ९ सय ७५ जना रहेको अस्पतालकी नर्सिङ अधिकृत सुधा तिमल्सिनाले जानकारी दिनुभयो ।

अस्पतालमा ओपीडी सेवा लिनेमध्ये मेडिसिनमा ७ सय ३३ जना, अर्थोपेडिकमा २ सय ३५ जना र स्त्री प्रसुति तथा परिवार नियोजनमा २ सय १० जना रहेका छन् । यस्तै, सर्जरीमा एक सय ६३, छाला रोगमा ५६, मुटुरोगमा ३७, नाक कान घाँटीमा ३२ र मनोविज्ञानमा २३ जना रोग जाँच गर्न आएको नर्सिङ अधिकृत तिमल्सिनाले बताउनुभयो ।

अस्पतालमा अहिले दैनिकि एक सय जना बिरामी आउने गरेका छन् । सहकारी अस्पतालमा अर्थोपेडिकका बिरामीलाई विशेष सेवा रहेको रेग्मीले बताउनुभयो। इमर्जेन्सी विभागमा धेरै बच्चा आउने गरेको उहाँले जानकारी दिनुभयो ।

अस्पतालमा १२ जना डाक्टर रहेका छन् । अस्पतालले रिफरको केसमा अस्पताल नतोकी चितवन र काठमाडौं पठाउने गरेको व्यवस्थापक रेग्मीको भनाइ छ । हेटौंडाको सहकारी अस्पतालमा मात्र पित्त थैली र युरो सर्जरीको शल्यक्रिया गरिने उहाँले बताउनुभयो ।

अस्पतालमा जनरल सर्जरी, अर्थो, स्त्री प्रसुति र न्युरोको शल्यक्रिया गरिन्छ । सहकारी अस्पतालमा डेंगुको जाँच गराएका कसैमा पनि डेंगु देखिएको छैन । अस्पतालमा अहिले २५ बेड रहेको रेग्मीले बताउनुभयो ।

# स्थापना दिवसमा मानवसेवा आश्रमलाई सहयोग



*मानवसेवा आश्रमलाई खाद्यान्न हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, पिप्लेस्थित सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले २३ औं स्थापना दिवसको अवसरमा मंगलबार हेटौँडा-९ स्थित मानवसेवा आश्रमलाई खाद्यान्न सहयोग गरेको छ । आश्रममा आश्रितको सेवाका लागि सहकारीले खाद्यान्न सहयोग गरेको हो ।

व्यवस्थापक प्रकाश बहादु खनालका अनुसार सहकारीकी अध्यक्ष जानकी चौधरीको नेतृत्वमा सहकारीका पदाधिकारी र कर्मचारीको समूह आश्रममै पुगेर खाद्यान्न सामग्री हस्तान्तरण गरेको हो । सहकारीले ४ बोरा चामल, एक बोरा आलु, एक बोरा प्याजसहित खाद्यान्न सामग्री हस्तान्तरण गरेको हो । यस्तै सहकारीकी अध्यक्ष चौधरीले आश्रम परिसरमा वृक्षरोपण समेत गरिएको छ । २०५८ सालमा ४८ जना सेयर सदस्यको ४८ हजार रुपैयाँ पुँजीबाट सुरुवात गरिएको सहकारीमा अहिले ३ करोड २९ लाख ७८ हजार रुपैयाँ सेयर पुँजी पुगेको छ । ३ हजार ३ सय ३४ जना सेयर सदस्य रहेको सहकारीको बचत २४ करोड ९६ लाख ६० हजार रुपैयाँ छ भने ऋण लगानी २३ करोड ६६ लाख २३ हजार रुपैयाँ रहेको छ ।

## श्री बाल जीवन ज्योती माध्यमिक विद्यालय

मनहरी गाउँपालिका–१, मकरी, मकवानपुर

### शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०८०/०४/०४ गते*

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर हेटौडाको च.नं. ०४, मिति २०८०।०४।०३ गतेको प्राप्त अनुमति पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०००।०४।०४ गतेको वैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह राहत अनुदान (गणित) कोटामा एक जना शिक्षक पदपुर्ति गर्नुपर्ने हुादा ईच्छुक योग्य नेपाली नागरिकहरूवाट तपशिल वमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

१. विज्ञापन नं.: ०१/०८०/०८१
२. तहः मा.वि. गणित (राहत अनुदान कोटा)
३. उमेरः १८ वर्ष पुरा भई ४० ननाघेको ।
४. न्युनतम शैक्षिक योग्यताः वि.एड. (मुल बिषय गणित) वा सो सरह (उच्च शैक्षिक योग्यता भएका साथै महिलालाई प्राथमिकता)
५. परीक्षाको किसिमः लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन ।
६. सेवा सुविधाः नेपाल सरकारको नियम अनुसार
७. दरखास्त दस्तुरः रु. २,०००/–
८. दरखास्त दिने अन्तिम मितिः २०८०/०४/१८ गते विद्यालय समय (खुल्ला उम्मेदवारहरुको लागि) (२००८०/०४/१० गते सम्म करार सुचीमा सुचीकृत रहनुभएकाहरुको लागि)
९. सम्पर्क मितिः २०८०/०४/१९ गते शुकवार ।
१०. परीक्षा मितिः सम्पर्क मितिको दिन जानकारी गराइनेछ ।
११. आवश्यक कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी, निरोगिता प्रमाणपत्रको प्रतिलिपी, शिक्षण अनुभव तथा अन्य अनुभव भएमा सो को प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति र हस्त लिखित निवेदन ।
१२. सम्पर्क नं.: ९०४५६८७८३५ (प्र.अ.), ९०४१३७६१४९ (स.प्र.अ.) ९०४५१६२६२२ (लेखा)

**प्रधानाध्यापक**

## फरारी बेचे...

तिमीलाई थाहा छ त्यो सुमो रेस्लर बेहोसी अवस्थाबाट उठेपछि हीराको सानो सानो टुक्राको बाटो पछ्याउँदै जान्छ । त्यो हीरा अरु केही होइन जीवनको सानो-सानो पल जसले मानिसलाई खुसी दिन्छ । त्यो पल जुन तपाईंले आफ्नो सानो-सानो बच्चासँग पार्कमा बिताउनु भएको हुन सक्छ । आफ्नो श्रीमतिसँग रमाइलो गर्दै एकदिन गुणस्तरको समय बिताउनु भएको हुन सक्छ। तपाईले जुन स्मरण/समयलाई खुसीको साथ वर्तमानमा सम्झनुहुन्छ त्यो जीवनको सानो क्षणले आज खुसी हुनुहोस् ।

कहिले पनि उपलब्धिका लागि खुसीलाई त्याग नगर्नुहोस् । खुसी हुन मन छ भने आजै हुनुहोस् । सानो खुसीको क्षण नै एउटा महङ्गो हीरा हो । जसलाई दुनियाँको कुनै सम्पत्तिले किन्न सकिँदैन ।

यसरी जोगीले जुलियनलाई सिभाना प्रणालीको सात प्रणालीको कुरा सिकाउनुभयो र जीवनलाई चलाउने एउटा प्रणाली सिद्धान्तको विषयमा बुझाउनुभयो । यसरी जीवनमा कसरी खुसी रहने भनेर जुलियन मेन्टलले सिके र खुसीले जीवन बिताउन थाले ।

*हेटौँडा-११*

## राष्ट्रिय परीक्षा बोर्ड

शाखा कार्यालय हेटौंडा, मकवानपुर

### सूची दर्ता सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१० गते*

यस कार्यालयका लागि आर्थिक वर्ष २०८०/०८१ मा आवश्यक पर्ने तपसील बमोजिमको कार्यालय सामान समय–समयमा खरिद गर्नुपर्ने हुँदा इजाजत प्राप्त फर्म, संस्था, वा कम्पनीको सूची तयार गर्नुपर्ने भएकोले सामानहरु सप्लाई/मर्मत/सेवा प्रदान गर्न चाहने फर्म वा कम्पनीहरुले आफ्नो स्पष्ट ठेगाना खुलाई फर्म/करोबार/कम्पनीको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, इजाजत प्राप्त प्रमाणपत्र (नवीकरणसहित) स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्र र आर्थिक वर्ष २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा रितपूर्वक दर्ता गराउन यो सूचना प्रकाशित गरिएको छ ।

**विवरण**

| क्र.सं. | उपलब्ध गराउनुपर्ने सामान तथा सेवाको विवरण |
| --- | --- |
| १) | कार्यालय उपकरणः– कम्प्युटर, ल्यापटप, युपीएस, प्रिन्टर, फोटोकपी, स्क्यानर, टेलिफोन, मोवाइल सेट, फ्याक्स मेसिन, फायर एक्सटिङगुइसर, व्याट्री, स्टेप्लाइजर लगायत इलेक्ट्रोनिक उपकरणहरु आपूर्ति कार्य । |
| २) | प्रिन्टर, फोटोकपी, फ्याक्स आदि उपकरणमा लाग्ने टोनर, कार्टेज एवम् अन्य पार्टपूर्जा आपूर्ति कार्य । |
| ३) | फर्निचर तथा फर्निसिङ सामानहरु आपूर्ति कार्य । |
| ४) | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरणहरुको मर्मत सम्भार कार्य । |
| ५) | चिठीपत्र, पार्सल पठाउने कुरियर सेवाहरु । |
| ६) | भवन/फर्निचर/फर्निसिङ सम्बन्धी मर्मत सम्भार कार्य । |
| ७) | कपडाको थैला, बोरा आपूर्ति कार्य । |
| ८) | सवारी साधन (चारपाङ्ग्रे), मोटरसाइकलका स्पेयर पार्टस् तथा मर्मतसम्बन्धी कार्य । |
| ९) | कम्प्युटर सफ्टवेयर सम्बन्धी कार्यहरु । |
| १०) | पिउने पानी (मिनरल वाटर) आपूर्ति । |
| ११) | मसलन्द (स्टेशनरी) तथा कार्यालय सामान आपूर्ति । |
| १२) | विलिङ पेपर, लेटरप्याड, गोश्वारा भौचर, खामलगायतका छपाई सम्बन्धी अन्य कार्यहरु । |
| १३) | उत्तरपुस्तिका ढुवानी तथा अन्य कार्यहरु । |

नोटः रीत नपुगी र म्याद नाघी आएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । थप जानकारीका लागि यस कार्यालयको फोन नम्बर ०५७–५२४६०२/५२६०२९ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।




## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## स्वादिष्ट नेवारी खाजा




अब 

होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७–५२६०१३

# प्रदेश छनौटका लागि मकवानपुरका यु-१६ खेलाडीलाई विदाई



*मकवानपुरका खेलाडीको बिदाई गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय टिम तयारीका लागि यु-१६ फुटबल खेलाडी छनौट कार्यक्रम अन्तर्गत् प्रदेश छनौट खेल्नका लागि मकवानपुरका खेलाडीहरुलाई विदाई गरिएको छ । मंगलबार जिल्ला खेलकुद विकास समिति मकवानपुरको कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गर्दै मकवानपुर जिल्ला फुटबल संघले खेलाडीलाई विदाई गरेको हो ।

जिल्लामा पहिलो चरणको छनौटमा परेका खेलाडीहरुले बुधबार र बिहिबार दोस्रो चरणमा प्रदेशस्तरीय छनौटमा सहभागी हुनेछन् । बागमती प्रदेशको छनौट खेल काठमाडौँमा हुनेछ । प्रदेश छनौटका लागि मकवानपुरबाट २७ जना खेलाडीलाई विदाई गरिएको हो । खेलाडी विदाई गर्नुहुँदै जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गीले खेलाडीहरुलाई अनुशासित भएर खेल्न आग्रह गर्नुभएको छ । अनुशासन नै खेलाडीको प्रमुख कुरा रहने भन्दै उहाँले छनौटका लागि शुभकामनासमेत दिनुभएको छ ।

जिल्ला, प्रदेश हुँदै राष्ट्रिय छनौट प्रक्रियाबाट अखिल नेपाल फुटबल संघले नेपाली राष्ट्रिय टिम तयार पार्ने योजना बनाएको छ । यु-१६ राष्ट्रिय टिमले दक्षिण एसियाली यु-१६ फुटबल प्रतियोगितामा सहभागिता जनाउने छ । यु-१६ फुटबल प्रतियोगिता आगामी भदौ १५ देखि २५ गतेसम्म भुटानमा आयोजना हुँदैछ । खेलाडी विदाई कार्यक्रममा जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज लामा, महासचिव छवि सुवेदी र सचिव सुनिल लोप्चन र जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

# शिक्षा विकास निर्देशनालय आफ्नै भवनमा




*नवनिर्मित भवनमा कार्यालय उद्घाटनपछि मन्त्री मोक्तानसहित सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा विकास निर्देशनालय सोमबारदेखि आफ्नै भवनबाट सेवाग्राहीलाई सेवा दिन सुरु गरेको छ । भवन निर्माण सम्पन्न भएको करिब ५ महिनापछि निर्देशनालयले प्रयोगमा ल्याएको शिक्षा विकास निर्देशनालयका निर्देशक पूर्णबहादुर दर्जीले जानकारी दिनुभयो ।

सोमबार सामाजिक विकास मन्त्री कुमारी मोक्तानले भवनको उद्घाटन गर्नुभयो । साढे दुई तल्ले भवन सार्वजनिक निर्माण कार्यान्वयन इकाई धादिङ गजुरीले आर्थिक वर्ष २०७७/७८ बाट बहुवर्षीय कार्यक्रम अन्तर्गत निर्माण कार्य सुरु गरेको थियो । निर्माण कार्य सुरु गरिएको एक वर्षमा भवन निर्माण भएको हो । २० कोठे भवनमा परीक्षा शाखा, शिक्षक सेवा शाखा, आर्थिक प्रशासन शाखा, प्रशासन शाखा, उच्च शिक्षा शाखा, तथ्यांक शाखा, स्टोर, कार्यालय प्रमुखको कक्ष रहेको छ । सामाजिक विकास मन्त्रालयको २ करोड ८१ लाख रुपैयाँ लागतमा निर्माण कार्य सम्पन्न भएको हो । यसअघि हेटौँडा-१० स्थित किटजन्य रोग नियन्त्रण कार्यालयको भवनबाट शिक्षा विकास निर्देशनालय रहेको थियो ।

# चुरेकालिका सेमिफाइनलमा

समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी प्रथम समाज कल्याण कप फुटबल प्रतियोगितामा चुरेकालिका युथ क्लब सेमिफाइनल प्रवेश गरेको छ । हेटौँडा-१४, मयूरधापस्थित कालापानी मैदानमा मंगलबार भएको क्वाटरफाइनल खेलमा चुरेकालिका युथ क्लबले सगरमाथा युथ क्लब 'बी'लाई १-० गोलले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो ।

चुरेकालिका युथ क्लबको तर्फबाट पहिलो हाफको १८ औं मिनेटमा विशाल तामाङले निर्णायक गोल गरेका थिए । चुरेकालिका युथ क्लबको तर्फबाट क्याप्टेन पासाङ भोलन खेलको म्यान अफ द म्याच घोषित भए ।

आज बुधबारको पहिलो खेल २:०० बजे सगरमाथा युथ क्लब 'ए' र नागस्वती युथ क्लबबीच हुनेछ भने दोस्रो खेल ४:०० बजे समाज कल्याण 'ए' र चुरेकालिका युथ क्लबबीच हुनेछ । प्रतियोगितामा १६ वटा टिमको सहाभागिता रहेको छ । प्रतियोगितामा विजयी टिमले ३० हजार उपविजयीले १५ हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

हार्दिक बधाई



राहत शिक्षकहरुको पेशागत संगठन नेपाल राहत शिक्षक समिति बागमती प्रदेशको दोस्रो अधिवेशनबाट सर्वसम्मत अध्यक्ष निर्वाचित हुनुभएका **जीवन तिमल्सिना**लाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

शम्भु पराजुली, सचिव
**नेपाल राहत शिक्षक समिति मकवानपुर**
**हेटौंडा, मकवानपुर**

"Education for Change"
Narayani College /TMMSS
Scholarship Up to 100%
Terms & conditions Apply
ADMISSION OPEN 2080
"Education for Change"
+2 NEB
Science
Management
✓Hotel Management
✓Computer Science
✓Business Studies
Enroll Now



FOLLOW US:
Hetauda-10, Bhutandevi Road
Quick Contact :
Tel: 057-522136, 9855071876
9849010803, 9843650653
Shift: Morning/Day
नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा सञ्चालन गरिएको सहर्ष जानकारी गराइन्छ ।

हार्दिक आभार



सदस्यको हितका लागि ४८ जना संस्थापकको समूहले स्थापना गरेको यस **सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले २३ औं स्थापना दिवस** मनाउन पाउँदा गौरवान्वित भएको छ । यस अवसरमा ३ हजार ३ सय ३४ सेयर सदस्य, सहयोगी, शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा सदस्यहरुको जिम्मेवारीपूर्ण भूमिकाको अपेक्षा गर्दछौं ।

जानकी चौधरी, अध्यक्ष
**सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौडा-५, पिप्ले**

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा - ४, मकवानपुर Ph :- 057-520766
ADMISSION OPEN!!
LIMITED SEATS ONLY




CHOOSE YOUR FACULTY
+2 SCIENCE
+2 COMMERCE
+2 HUMANITIES
+2 EDUCATION
ENROLL NOW
More information call us
President :- 9811882286
Principal :- 9845060933
+2 co-ordinator :- 9845463188
Accountant: 9845030787

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।
अध्यापन हुने विषय/समूहहरू
- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।
साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।
कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।
प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरू: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ